बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, रसुवा

धुन्चे, नेपाल

प.सं.: २०८२/८३

च.नं.:

विषयः प्रदेश स्वास्थ्य सहजकर्ता पदपूर्ति सम्बन्धी सूचना ।

प्रकाशित मितिः २०८२/१२/०१ गते

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, जनस्वास्थ्य कार्यालय, रसुवाको मातहतमा रहने गरी गोसाइकुण्ड गाउँपालिकामा (एक स्थानिय तह एक नमुना स्वास्थ्य संस्था) कार्यक्रम संचालनको लागि स्वास्थ्य सहजकर्ता करारमा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा उपस्थित भई राजश्व रसिद सहित बागमती प्रदेश सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यक्रम संचालन निर्देशिका २०८२ को अनुसूची—३ (दफा १४ उपदफा (३) संग सम्बन्धित) दरखास्त फारम भरि जनस्वास्थ्य कार्यालयको प्रशासन शाखामा आवेदन दिनुहुन सम्वन्धीत सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघि आएको र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपशिल

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | पि.सि.एल.नर्स (प्रविणता प्रमाण पत्र तह नर्सिङ) | १ | स्वास्थ्य सेवा ऐन २०५३ तथा स्वास्थ्य सेवा नियमावली २०५५ ले निर्धारण गरे वमोजिम |
| २ | हेल्थ अस्स्टिेन्ट/ Auxiliary Health Worker (अ.हे.व.) | १ | |
| ३ | ल्याव टेक्निसियन/असिस्टेन्ट | १ | |

**१. उमेरको हदः** दस्तखत दिने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

**२. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः** नेपाली नागरीकताको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्वास्थ्य व्यवसायी परिषदमा दर्ता कायम रहेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा अध्ययनरत विद्यार्थीहरुको हकमा भने शिक्षण संस्थावाट On the Job Training (OJT) पत्र प्राप्त गरेको ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०८२/१२/१५ गते कार्यालय समय सम्म । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट ।

**४ दरखास्त दिने स्थानः** जनस्वास्थ्य कार्यालय रसुवाको प्रशासन शाखा (बागमती प्रदेश सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यक्रम संचालन निर्देशिका २०८२ को अनुसूची—३ (दफा १४ उपदफा (३) वमोजिमको दरखास्त फारम भरी पेश गर्नु पर्नेछ ) वा इमेल मार्फत आवेदन दिदाँ आफ्नो विवरण सहितको आवेदन फारम, बैंक भौचर र योग्यताका कागजात स्क्यान गरी phorasuwa@bagamati.gov.np मा म्यादभित्रै पठाउनु पर्नेछ र अन्तर्वार्तामा उपस्थित हुदाँ सक्कलै कागजात पेश गर्नुपर्नेछ ।

**५. दरखास्त दस्तुरः** परीक्षा दस्तुर रु. ४००।— यस कार्यालयको कार्यालय कोड नं. ३७००१२८१४३ राजश्व शिर्षक नं. १४२२४ प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय रसुवाको खाता नं. २७२०२००००१००१००००१ जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

**६. सम्पर्क मितिः** २०८२/१२/१५ गते, (परीक्षा मिति, समय र स्थान पछि तोकिनेछ ।

**७. छनौटको आधारः** शैक्षिक योग्यताको श्रेणी, अन्तरवार्ता र स्थानियताको आधारबाट ।

**८. पारिश्रमिक तथा सुविधाः** मासिक प्रोत्साहन स्वरुप रू २०,०००।— (अक्षेरुपी बीस हजार नेपाली रुपैयाँ मात्र) तथा बागमती प्रदेश सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यक्रम संचालन निर्देशिका २०८२ ले तोके वमोजिम

**९. कार्यक्षेत्रः** गोसाइकुण्ड गाउँपालिकाको सम्पूर्ण वडाहरु ।

**१०. सेवा अवधिः** आ.व. २०८२/०८३ को असार मसान्तसम्म ।

झम प्रसाद आचार्य
जनस्वास्थ्य अधिकृत
जनस्वास्थ्य कार्यालय प्रमुख

फोन नं.: ०१०५४०१८८ Website- phorasuwa.bagamati.gov.np इमेलः phorasuwa@bagamati.gov.np